एडीबी
समाचार
नेपालबाट

वेबसाइटः http://www.adb.org/NRM
इमेलः adbnrm@adb.org

एशियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय
नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

श्रावण, २०६०

# सानो ऋण, ठूलो प्रभाव

## सानो ऋणबाट पनि व्यापार गर्न सकिन्छ र परिवारभित्र आफ्नो स्तर सुधार्न सकिन्छ भन्नेबारे आज नेपालका ४० हजारभन्दा बढी महिलाहरूलाई राम्रो ज्ञान छ



जवाफदेही महिला कर्जा समूहहरूमा कर्जाको प्रशोधन तथा व्यवस्थापन पारदर्शी ढंगमा गरिन्छ ।

सात वर्षअघि ४२ वर्षीय जुनुमाया गौतम बेसहारा थिइन् । उनको श्रीमान्को मृत्यु भइसकेको थियो । तीनजना साना केटाकेटीको जिम्मेवारी उनको काँधमा भए पनि आम्दानीको कुनै बाटो थिएन । त्यसै वर्ष आएको भीषण बाढीपहिरोले काभ्रेस्थित घर बगाएपछि उनी आफ्ना तीन नाबालक सन्तानसहित सडकमा आइपुगिन् ।

काभ्रेमा आयआर्जनको उपाय नरहेपछि उनी केटाकेटी च्यापेर काठमाडौं आइन् र अर्काको घरमा काम गर्न थालिन् । केही समयपछि जुनुमायालाई उनकी बहिनीले सिर्जनात्मक महिला विकास समूह नामक गैर-सरकारी संस्थामा लगेर परिचय गराइन् । यो परिचय उनको जीवनका लागि निकै फलदायी साबित भयो । उक्त संस्थाले एसियाली विकास बैंक (एडीबी) को सहायताप्राप्त महिलाहरूका लागि लघुवित्त आयोजनाका माध्यमबाट उनलाई सानो परिमाणको ऋण प्राप्त गर्न सघाउ पुऱ्यायो । त्यसपछिको दिनहरूमा जुनुमायाले कहिल्यै पछाडि फर्कनुपरेन ।

आयोजनाबाट प्राप्त ५ हजार रुपैयाँ ऋण सहयोगबाट उनले सानोतिनो तरकारी व्यवसाय सुरु गरिन् । उनी कालिमाटी थोक बिक्रेताहरूबाट तरकारी किनेर बजारमा बेच्न ल्याउँथिन् । यसबाट उनलाई थोरै भए पनि नाफा हुन थाल्यो । उनले विस्तारै आफ्नो ऋण चुक्ता गरिन् । त्यसपछि जुनुमायाले त्यसै आयोजनाबाट पुनः २० हजार र पछि ३५ हजार रुपैयाँ कर्जा लिएर दुईवटा व्यवसाय सुरु गरिन् । बिहानको समयमा उनी तरकारी बेच्थिन् भने दिउँसो बसपार्कतिर गएर बदाम बेच्थिन् । यो मेहनत र लगनशीलताबाट समयमै कर्जा चुक्ता गर्नुका साथै आफ्ना केटाकेटीलाई स्कुल पठाउन, सानो जग्गा किन्न र काठमाडौंमा

बाँकी पेज २ मा

## यस अंकमा...


- विभिन्न विकास मञ्चहरूमा नेपाल आवासीय नियोगको सहभागिता ३
- एडीबीको खानेपानी आयोजनाबाट जुम्ला लाभान्वित ३
- एडीबीको राष्ट्रिय कार्यक्रम तर्जुमा ४
- एडीबीद्वारा नेपालको आर्थिक वृद्धिसम्बन्धी प्रक्षेपण ४

# सानो ऋण, ठूलो प्रभाव

*पेज १ को बाँकी*

साधारण घर बनाउनसमेत उनी सफल भएकी छिन् । हाल उनी आफ्नो घरको मर्मतसम्भार गर्न व्यस्त छिन् । पहिले लगाएको अस्थायी छत हटाएर त्यहाँ ढुंगाको पक्की छत लगाउँदै छिन् ।

## व्यापार विस्तार

जुनुमायाले हाल आफ्ना दुई पुराना व्यवसायका अतिरिक्त आफ्नै घरमा चिया पसल पनि थापेकी छन् । त्यसको रेखदेखको जिम्मा उनको व्यापारिक साझेदारलाई छ । उनले आफ्नो साझेदारलाई व्यवसाय सुरु गर्न केही रकम उधारोसमेत दिएकी थिइन् । 'जब म गरिब थिएँ आयोजनाले मलाई सहयोग गर्‍यो', उनी भन्छिन्, 'अहिले म केही समर्थ भएकी छु, त्यसैले आफूजस्तै गरिब र अभावग्रस्त व्यक्तिलाई सहयोग गर्न चाहन्छु ।'

सन् २००२ मा सम्पन्न यस आयोजनाबाट हजारौं महिलाहरू लाभान्वित भएका छन् । चितवनकी सन्तकुमारी गुरुङ यस्तै अर्की उदाहरण हुन् । उनका श्रीमान् बेरोजगार थिए । अधिकांश समय जुवातास खेलेर र जाँडरक्सी पिएर बिताउँथे । उनीहरूसँग सम्पत्ति र आम्दानीको कुनै स्रोत थिएन । उनले प्रगति महिला बचत तथा ऋण सहकारीका माध्यमबाट पशुपालन गर्न तथा तरकारी खेतीका लागि जग्गा भाडामा लिन कर्जा लिइन् । अहिले लोग्ने-स्वास्नी दुवै तरकारी खेतीमा लागेका छन् र राम्रो आम्दानी गर्छन् । आयोजनाले व्यापार सुरु गर्न कर्जा दिएकोमा तथा श्रीमान्लाई काममा लगाइदिएकोमा गुरुङ अत्यन्तै खुसी छिन् । 'कर्जा दिएकोमा आयोजनाप्रति अत्यन्तै आभारी छु', उनी भन्छिन्, 'मेरा श्रीमान् अब पहिलेजस्तो समय खेर फाल्दैनन् । उनी पनि काममा व्यस्त छन् ।'

## माथिल्लो दर्जा

एडीबीको एसियाली विकास कोष (एडीएफ) बाट प्राप्त ५० लाख अमेरिकी डलर (३९ करोड रुपैयाँ) का माध्यमबाट यस आयोजनाले नेपालका ७५ मध्ये १२ जिल्ला र पाँचवटा नगरपालिकाका ४१ हजार ६ सय ८१ जना गरिब महिलाहरूको सामाजिक-आर्थिक स्थिति सुदृढ तुल्याउन मद्दत गरेको छ ।

आयोजनाले गैससहरूलाई सीपमूलक तालिम तथा संस्थागत सहायता पनि उपलब्ध गराएको थियो । यो आयोजना महिला, बालबालिका तथा सामाज कल्याण मन्त्रालयअन्तर्गतको महिला विकास विभागमार्फत कार्यान्वयनमा आएको हो । यसले लक्षित समूहसम्म पुग्न महिला विकास शाखा तथा स्थानीय गैससहरू परिचालन गरेको थियो । महिला विकास शाखा र साझेदार गैससहरूले महिलाहरूको स्व-सहयोग समूहहरू स्थापना गरेका थिए । त्यसैमार्फत गरिब महिलाहरूलाई व्यापार गर्न कर्जा उपलब्ध गराएका थिए ।

तीमध्येका धेरै समूहहरू मिलेर पछि बचत तथा ऋण सहकारी बनाए । आयोजनाले साझेदार गैससहरूको क्षमता सुदृढीकरणका साथै वित्तीय मध्यस्थताका लागि आठवटा बचत तथा ऋण सहकारीलगायतका ३७ वटा साझेदार गैससहरूको स्तरोन्नति गरेको थियो । यी गैससहरूले आयोजनाको समाप्तिपछि पनि वित्तीय मध्यस्थकर्ताका रुपमा काम गर्दै आएका छन् । धेरैले ग्रामीण लघुवित्त विकास केन्द्रबाट पनि रकम प्राप्त गर्छन् । यो केन्द्र श्री ५ को सरकारले एडीएफको सहयोगमा स्थापना गरेको सर्वोच्च वित्तीय संस्था हो ।



**आयआर्जन** महिलाहरूका लागि सञ्चालित लघुवित्त आयोजनाबाट लाभान्वित व्यक्ति आफ्नो चिया पसलमा बिक्री गर्न खानेकुरा तयार पार्दै ।

> **ऋणको रकम थोरै देखिएता पनि यसले अति बिपन्न गरिबहरूमा प्रभावकारी असर पारेको छ ।**

## सुरक्षा जालो

यस आयोजनाले व्यक्तिगत रुपमा उपलब्ध गराउने ऋणको परिमाण सानो भए पनि त्यसले गरिब महिलाहरू, जसको ऋणसम्म पहुँच हुँदैन, उनीहरूको जीवनमा पार्ने प्रभाव भने ठूलै छ । लघुवित्तका लागि एडीबीको सहायताले स्व-सहयोग समूह खडा गर्न तथा आवश्यक परेकाबेला झिक्न सक्ने गरी रकम बचत गर्न लाभान्वित समूहलाई मद्दत गरेर वित्तीय सुरक्षा जालोसमेत प्रदान गरेको थियो ।

पुँजीसम्म महिलाहरूको पहुँच बढाएर यस आयोजनाले परिवारभित्र महिलाको भूमिकालाई विस्तार गर्न मद्दत पुऱ्याएको छ । महिलाहरूले आफूले पाएको ऋण पसल खोल्न तथा आफ्ना बेरोजगार आफन्तहरूलाई काममा लगाउन प्रयोग गर्ने गरेका छन् । केही महिलाहरूले आफ्ना श्रीमान्का लागि रिक्सासमेत किनिदिएका छन् ।

'हामीले पहिलेभन्दा बढी इज्जत पाएका छौं', श्री महिला बहुउद्देश्यीय बचत तथा ऋण समूहका सचिव इन्दिरा दाहाल भन्छिन्, 'हामीले पैसा कमाउन थालेपछि परिवारका अरू सदस्यहरू अब हामीले भनेको सुन्न थालेका छन् ।'

शारदानगरकी महालक्ष्मी गुरुङ आयोजनाका एक वयोवृद्ध लाभान्वित व्यक्ति हुन् । उनले एडीबीलाई भन्छिन्, 'तपाईहरू हामीलाई सानो ऋणमात्र दिएर समुदायस्तरमै सीमित गराउन चाहनुहुन्छ वा राष्ट्रियस्तरमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्षम तुल्याउनुहुन्छ ? समुदायस्तरमा हामीले धेरै काम गरेका छौं, अब हामी राष्ट्रिय विकासमा योगदान पुऱ्याउन चाहन्छौं र तपाईहरूले हामीलाई मद्दत गर्नुपर्छ ।'

एडीबीको लघुवित्त कार्यक्रमबारे थप पढ्न चाहनुहुन्छ भने हाम्रो वेबसाइट हेर्नुहोस् :
http://www.adb.org/Microfinance/ ■

*(यो लेख पहिलोपटक एडीबीको द्वैमासिक पत्रिका 'एडीबी रिभ्यु' को जुन-जुलाई, २००३ अंकमा प्रकाशित भएको थियो ।)*

# विभिन्न विकास मञ्चहरूमा नेपाल आवासीय नियोगको सहभागिता

एसियाली विकास बैंक (एडीबी), नेपाल आवासीय नियोगले राष्ट्रिय निर्देशक डा. रिचर्ड भोक्सका माध्यमबाट विगत केही महिनाहरूमा विभिन्न छलफल कार्यक्रमहरूमा भाग लिएको थियो । त्यसमध्ये केही कार्यक्रमबारे यहाँ छलफल गरिएको छ :

- वि.सं. २०५९ साल फागुन २४ गते श्री भोक्सले नेपाल व्यवस्थापन संघद्वारा आयोजित 'दशौं योजनामा आर्थिक व्यवस्थापन' विषयक छलफलमा भाग लिनुभएको थियो । उहाँले बदलिँदो परिवेशमा निजी क्षेत्रको भूमिकालाई सरकारले जोड दिनुपर्ने बताउनुभयो । खासगरी, दशौं योजनाका लक्ष्यहरू हासिल गर्न निजीक्षेत्रले सरकारलाई कसरी सहयोग गर्नसक्छ भन्ने विषयमा उहाँको प्रस्तुति केन्द्रित थियो । 'प्रभावकारी सेवा संरचनाको विकास गर्नु अत्यन्त जरुरी छ र योजनाको कार्यान्वयन सबभन्दा महत्त्वपूर्ण पक्ष हो', उहाँले भन्नुभयो । श्री भोक्सले आर्थिक महत्त्व भएका विभिन्न क्षेत्र तथा उपक्षेत्रहरूलाई प्राथमिकता दिनुपर्ने धारणा राख्नुभयो ।
- वि.सं. २०५९ साल फागुन २५ गते श्री भोक्सले बूढानीलकण्ठ स्कुलका विद्यार्थी तथा शिक्षकहरूलाई एडीबीबारे जानकारी दिनुका साथै नेपालमा यसका गतिविधिहरूमाथि प्रकाश पार्नुभएको थियो । युवा अर्थशास्त्रीहरूको मञ्चले उक्त कार्यक्रम आयोजना गरेको थियो ।
- वि.सं. २०५९ साल चैत १३ गते श्री भोक्सले काठमाडौं उपत्यकाको खानेपानी आपूर्तिसँग सम्बन्धित सार्वजनिक सुनुवाइमा भाग लिनुभएको थियो । शहरी खानेपानी तथा सरसफाइका लागि गैरसरकारी संस्था (गैसस) मञ्चले विश्व पानी दिवस- २००३ का अवसरमा 'भविष्यका लागि पानी' को अवधारणासहित उक्त सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा श्री भोक्सले काठमाडौंको खानेपानी आपूर्ति प्रणालीमा एडीबीले चालेका कदमहरूबारे जानकारी दिनुभएको थियो । यस दुई दिने महोत्सवका क्रममा खानेपानीको स्रोत तथा फोहोरपानी व्यवस्थापनलाई लिएर भएका सुरुवात तथा उपयुक्त प्रयासहरू प्रदर्शन गरिएका थिए । सार्वजनिक सुनुवाइको उद्घाटन तत्कालीन जलस्रोत मन्त्री दीपक ज्ञवालीले गर्नुभएको थियो ।
- वि.सं. २०५९ साल चैत १४ गते श्री भोक्सले सोसाइटी फर इन्टरनेसनल डेभलपमेन्टद्वारा आयोजित कार्यक्रममा नेपालमा कृषि विकासको पुनर्विचार सम्बन्धमा आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो । श्री भोक्सले नेपालमा दीर्घकालीन कृषि योजना (एपीपी) को तयारीका क्रममा सन् १९९० को मध्यदेखि मात्र कृषि क्षेत्रको विकासलाई लिएर पुनर्विचार गर्न थालिएको उल्लेख गर्नुभयो । एपीपीले कृषि क्षेत्रको विकासका लागि बढी केन्द्रित र एकीकृत प्रयासमा जोड दिएको छ । यसले सिंचाइ, मल, कृषि अनुसन्धान र प्रविधि तथा सडक, विद्युत्लाई प्रमुख कृषि सामग्रीका रुपमा औंल्याएको कुरा उहाँले स्मरण गर्नुभयो । 'योजना र कार्यान्वयनबीचको अन्तरले एपीपीका लक्ष्यहरू पूर्णरुपमा हासिल हुन सकेका छैनन्', श्री भोक्सले भन्नुभयो, 'योजनाले कृषि क्षेत्रमा सार्वजनिक खर्च वृद्धि गर्न जोड दिएको छ, जबकि व्यवहारमा खर्च घटिरहेको छ, विशेषगरी ग्रामीण सडक र सिंचाइको खर्च ।'



**कृषि क्षेत्रमा पुनर्विचार** एडीबी, नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक डा. रिचर्ड भोक्स (बायाँ) नेपालमा कृषि विकासको पुनर्विचारसम्बन्धी कार्यक्रममा बोल्दै ।

श्री भोक्सका अनुसार एपीपीले आर्थिक वृद्धि र गरिबी निवारणका लागि कृषि क्षेत्रलाई मुख्य इन्जिनका रुपमा औंल्याएको छ । 'एपीपीले ग्रामीण क्षेत्रको आय वृद्धि तथा ग्रामीण गरिबी न्यूनीकरणका लागि अन्तरक्षेत्रीय सम्बन्ध विकासमा जोड दिएको छ । यसका लागि हामीले कृषि क्षेत्रअन्तर्गतका प्राथमिकताहरूलाई पुनर्विचार गरेरमात्र पुग्दैन, ग्रामीण घरपरिवारका अवसर तथा उनीहरूले भोग्दै आएका समस्याहरूमा पनि बढी ध्यान दिनु जरुरी छ', श्री भोक्सले भन्नुभयो । उहाँले ग्रामीण विकासका समस्याहरूलाई बढी एकीकृत तथा बहुक्षेत्रीय माध्यमबाट सुल्झाउनुपर्ने आवश्यकता औंल्याउँदै यसका लागि जीविकोपार्जनका प्रयासहरू अवलम्बन गर्नुपर्ने बताउनुभयो । 'सिद्धान्ततः राम्रो छ', उहाँले भन्नुभयो, 'तर, व्यवहारमा उतार्न बढो कठिन छ ।' कृषि क्षेत्रको प्रगति समीक्षा- २००२ का आधारमा नेपालले यसको विकासका लागि बाली विविधीकरणतर्फ जोड दिनुपर्ने धारणा श्री भोक्सले राख्नुभयो । यसका लागि परम्परागत अन्नबालीबाट नगदेबाली तथा पशुपालनतर्फ केन्द्रित हुनुपर्ने उहाँले उल्लेख गर्नुभयो । यसबाट अघिल्लो एक दशकमा उल्लेखनीय प्रगति हासिल भइसकेको छ । ■

## एडीबीको खानेपानी आयोजनाबाट जुम्ला लाभान्वित

एसियाली विकास बैंक (एडीबी) को सहायताप्राप्त चौथो ग्रामीण खानेपानी तथा सरसफाइ आयोजनाबाट लाभान्वित समुदायहरूमा उल्लेखनीय सकारात्मक प्रभाव परेको छ । खानेपानी लिन दैनिक २/३ घन्टा लगाएर तिला नदी जानुपर्ने महिला तथा केटाकेटीहरूले यो आयोजनाका कारण घरनजिकै सफा खानेपानीको सुविधा पाएका छन् । स्थानीय घरपरिवारका लागि हिजोआज पिउन, नुहाउन र लुगा धुन पर्याप्त पानीको आपूर्ति हुन थालेको छ, जसले गर्दा उनीहरूको स्वास्थ्य र सरसफाइमा सुधार आएको छ ।

जुम्लाको सदरमुकाम खलंगास्थित यस आयोजना स्थलमा एडीबीको नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक डा. रिचर्ड भोक्सले वि.सं. २०५९ फागुन २६ देखि २९ गतेसम्म भ्रमण गर्नुभएको थियो । यो आयोजना आर्थिक वर्ष २०५७/५८ (२०००/२००१) मा पूरा भएको हो । यसमा १ लाख ७५ हजार अमेरिकी डलर (१ करोड ३६ लाख ५० हजार रुपैयाँ) लगानी भएको छ । आयोजनाबाट जुम्ला जिल्लाको महत तथा चन्दननाथ गाविसका करिब ५ हजार जनसंख्या लाभान्वित भएका छन् ।

सन् २००१ को मध्यदेखि आठ सदस्यीय उपभोक्ता समितिले खानेपानी आपूर्ति प्रणालीको सञ्चालन तथा सम्भार गर्दै आएको छ । यसबाट लाभान्वित समुदायहरूले भरपर्दो सेवा प्राप्त गरेका छन् । उपभोक्ता समितिले खानेपानी प्रणालीको प्रबन्ध मिलाउनुका साथै नियमितरुपमा शुल्क उठाउने तथा आवश्यक मर्मत-सम्भारको काम गर्दै आएको छ । ■


**विकासको प्रतीक्षा** सडक रेखाले नछोएको मध्यपश्चिमी जिल्ला जुम्ला नेपालको महत्त्वपूर्ण पर्यटन गन्तव्य हुँदाहुँदै पनि हालसम्म अत्यन्तै पिछडिएका क्षेत्रहरूमध्ये पर्छ ।

# एडीबीको राष्ट्रिय कार्यक्रम तर्जुमा

## २००४–२००६ का लागि सहायता प्रस्ताव

एसियाली विकास बैंक (एडीबी) को वार्षिक राष्ट्रिय कार्यक्रम तर्जुमा टोलीले वि.सं. २०५९ चैत १७ देखि २७ गतेसम्म नेपालको भ्रमण गऱ्यो। टोलीका सदस्यहरूले सरकार, निजी क्षेत्रका संगठन, गैरसरकारी संस्था तथा नेपालका अन्य विकास साझेदारहरूसँगको परामर्शमा सन् २००४-२००६ का लागि प्रस्तावित सहायता कार्यक्रमबारे छलफल र प्राथमिकता निर्धारण गर्ने काम गरे। भ्रमणको अन्त्यमा यसका उपलब्धिबारे पत्रकारहरूलाई जानकारी दिन एडीबीको नेपाल आवासीय नियोगले एक पत्रकार सम्मेलनको आयोजना गरेको थियो।

एडीबीले नेपालका लागि आगामी तीन वर्षमा ३२ करोड १० लाख अमेरिकी डलर (तत्कालीन विनिमय दरअनुसार २५ अर्ब ३ करोड ८० लाख रुपैयाँ) को सहायता कार्यक्रम प्रस्तावित गरेको छ। सन् २००४-२००६ का लागि प्रस्तावित यो सहायता कार्यक्रमलाई एडीबीको सञ्चालक समितिले अनुमोदन गर्नुपर्नेछ। यसमा कृषि, ग्रामीण पूर्वाधार विकास, ग्रामीण विद्युतीकरण तथा वैकल्पिक ऊर्जा, ग्रामीण सडक, खानेपानी तथा सरसफाइ, महिला सशक्तीकरण र वातावरणीय पर्यटनसँग सम्बन्धित आयोजनाका लागि १४ वटा ऋणहरू पर्छन्। प्रस्तावित कार्यक्रमले ३२ वटा प्राविधिक सहायतालाई पनि समेटेको छ, जसअन्तर्गत वार्षिक औसत ४० लाख अमेरिकी डलर (३१ करोड २० लाख रुपैयाँ) छुट्याइएको छ। अनुदानमा लगानी हुने यी प्राविधिक सहायता मुख्यरुपमा आयोजना तयारी तथा नेपालका प्रमुख संस्थाहरूको क्षमता अभिवृद्धिका लागि सरकारलाई सहायता गर्नेतर्फ केन्द्रित रहनेछन्। ■



**सूचना आदान-प्रदान** एडीबी, नेपाल आवासीय नियोगका राष्ट्रिय निर्देशक डा. रिचर्ड भोक्स राष्ट्रिय कार्यक्रम तर्जुमा टोली २००३ को नेपाल भ्रमणबाट भएका उपलब्धिबारे पत्रकारहरूलाई जानकारी दिँदै।

# एडीबीद्वारा नेपालको आर्थिक वृद्धिसम्बन्धी प्रक्षेपण:

## २००३ मा १.५ र २००४ मा ३.५ प्रतिशत

एसियाली विकास बैंक (एडीबी) ले आर्थिक वर्ष २००३ मा नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) करिब १ दशमलव ५ प्रतिशत र २००४ मा करिब ३ दशमलव ५ प्रतिशत वृद्धि हुने प्रक्षेपण गरेको छ। एडीबीको प्रमुख वार्षिक प्रकाशन *एसियन डेभलपमेन्ट आउटलुट, २००३* मा यो प्रक्षेपण गरिएको हो।

एडीबीको नेपाल आवासीय नियोगले वि.सं. २०६० साल वैशाख १५ गते *एसियन डेभलपमेन्ट आउटलुट, २००३* सार्वजनिक गर्न आफ्नै कार्यालयमा एक पत्रकार सम्मेलन आयोजना गरेको थियो। सो कार्यक्रममा नियोगका राष्ट्रिय निर्देशक डा. रिचर्ड भोक्सले उपस्थित पत्रकारहरूलाई सन् २००३ मा नेपालको आर्थिक सम्भावनाबारे जानकारी दिनुका साथै यस क्षेत्रका अर्थतन्त्रहरूले सामना गर्दै आएको चुनौती अवगत गराउनुभएको थियो।

नेपालका लागि अनुमानित आर्थिक वृद्धिदर हासिल गर्न शान्तिसुरक्षाको पुनर्स्थापना, विश्वव्यापी आर्थिक सुधारमा नियमितता, भारतीय अर्थतन्त्रमा करिब ५ देखि ६ प्रतिशतको वृद्धि तथा अनुकूल मौसमलाई मूल आधारका रुपमा लिइएको छ।

'नेपालको आर्थिक स्थिति आन्तरिक शान्तिसुरक्षा, राजनीतिक स्थिरता, मौसमको अनुकूलता र विश्वव्यापी अर्थतन्त्रको विकास- खासगरी भारतीय अर्थतन्त्रमा धेरै निर्भर रहनेछ', उक्त प्रकाशनमा भनिएको छ।

नियोगले यही वैशाख २३ देखि २७ गतेसम्म पत्रकारहरूका लागि एडीबीको सहायताप्राप्त परियोजनाहरूको स्थलगत भ्रमण कार्यक्रम आयोजना गरेको थियो। यसक्रममा पत्रकारहरूलाई एडीबीको सहायताप्राप्त ६ आयोजना स्थलहरू अवलोकन गराउन लगिएको थियो। स्थलगत भ्रमणमा १२ जना पत्रकारहरू सहभागी थिए। तिनमा *अर्थको अर्थ कार्यक्रम (नेपाल टेलिभिजन), गोरखापत्र, कान्तिपुर टेलिभिजन, नेपाल समाचारपत्र, राजधानी र दि काठमाडौं पोष्ट*का केन्द्रीय प्रतिनिधिहरू तथा *नेपाल टेलिभिजन, अन्नपूर्ण पोष्ट, स्पेसटाइम र गोरखापत्र*का जिल्ला प्रतिनिधिहरू थिए। सहभागीहरूले सामुदायिक भूमिगत सिंचाइ क्षेत्र आयोजना, चौथो ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना र ग्रामीण लघुवित्त आयोजनाको स्थलगत भ्रमण गरेका थिए।



**पत्रकारहरूको स्थलगत भ्रमण** टेलिभिजन पत्रकारहरू महिला समूहको बैठकलाई आफ्नो क्यामरामा रेकर्ड गर्दै।

यो स्थलगत भ्रमणले पत्रकारहरूलाई आयोजनासम्बन्धी विषयमा स्थानीय समुदायसँग छलफल गर्ने तथा एडीबीको सहायताप्राप्त विकास गतिविधिहरूको निरीक्षण गर्ने अवसर दिएको थियो। भ्रमणका क्रममा पत्रकारहरूले आयोजना कार्यान्वयनमा संलग्न सरकारी अधिकारी, स्थानीय समुदाय तथा आयोजनाबाट लाभान्वित व्यक्तिहरूसँग छलफल गरेका थिए।

त्यस्तै, जेठ १३ गते नियोगले सन् २००२ अवधिमा उत्कृष्ट कार्य-सम्पादन गरेबापत् एडीबीको वित्तीय सहयोगप्राप्त दुईवटा आयोजनालाई पुरस्कृत गरेको थियो। अर्थ सचिव भानुप्रसाद आचार्यले तेस्रो पशु विकास आयोजना तथा ग्रामीण लघुवित्त आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित व्यवस्थापन समूहहरूलाई प्रशंसापत्र प्रदान गर्नुभएको थियो।

एडीबीका आगामी कार्यक्रमहरू एडीबी/नेपाल आवासीय नियोगको वेबसाइटमा उपलब्ध छन् : http://www.adb.org/nrm ■

समाचार
एडीबी नेपालबाट

एशियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो। 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ। यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको आधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिँदैन। हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं।

नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं. ३१
ब्लक नं. २/५९७, कामनपा
काठमाडौं, नेपाल।
फोन : (९७७-१) ४२२७ ७७९, ४२२७ ७८४, ४२२० ३०५
फ्याक्स : (९७७-१) ४२२५ ०६३
इमेल : adbnrm@adb.org
वेबसाइट : http://www.adb.org/NRM